# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २१ गते ०८ साल

भाग २

## २००८ सालको बजेट–वक्तव्य

दाजु भाइ दिदी बहिनी !

आज तपाईंहरूसँग जुन विषयमा केही भन्न लागेको छु, सो नेपालको निम्ति केही नवीन भए तापनि सारा जनताको निम्ति ज्यादै नै चाख लाग्दो र मार्मिक छ। अरू मुलुकहरूमा वर्षेनी बजेट पेश गर्नु साधारण कुरा हो तापनि हाम्रो मुलुकको निम्ति यो अपूर्व कुरा हो भन्न अत्युक्ति होइन। राणा शासनकालमा राज्यसंचालनमा दुनियाँको केही हात थिएन र मुलुकको आम्दानी खर्च विषय कसैलाई हाम्रो पत्ता हुँदैनथ्यो भन्ने कुरा तपाईंहरू सबैलाई विदितै छ। अब त देशमा प्रजातन्त्रात्मक र दुनियाँप्रति जवाफदेही सरकार खडा भएकोले राष्ट्रको आम्दानी के कति हुन्छ ओ केमा खर्च हुन्छ भन्ने कुराको ज्ञान दुनियाँले सरकारबाट पाउने हक छ। प्रजातन्त्र सरकारको पहिलो अर्थमन्त्रीको हैसियतबाट आज नेपालको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

इतिहासमा सर्वप्रथम बजेट तपाईंहरूको सामुन्ने पेश गर्न पाउँदा म आफूलाई गौरवान्वित सम्झन्छु । अरू देशहरूमा झैं नवीन प्रणालीमा स्याहास्रेस्ता गर्ने र बजेट एस्टिमेट तयार गर्ने प्रथा हाम्रो मुलुकमा थिएन । कस्ता नहोस्; जस्ता नहोस् भन्ने निर्देश सबैलाई विदितै छ । हाम्रा स्याहा स्रेस्ताहरूमा आधुनिक ढंगले आम्दानी खर्चका विभिन्न रकमहरू छुट्याइएको थिएन । यसैले रकम रकमको आम्दानी खर्चको संकलित हिसाब तयार गरी बजेट पेश गर्न हामीले धेरै बाधा र कठिनाईको सामना गर्नुपर्‍यो । यस्तै गाह्रो काम भएको हुनाले प्रस्तुत बजेटमा धेरै त्रुटी हुन सक्छ । तर म आशा गर्छु, तपाईंहरू ती विघ्नबाधाहरूको विचार गर्नुहुने नै छ । बजेट पेश गर्नमा यतिको विलम्ब हुन गएकोमा मलाई अफसोच छ । त्यसका अनेक कारणहरू छन् । एकतन्त्रीय र सामन्तवादका ठाउँमा उत्तरदायित्वपूर्ण र जनताप्रति जवाफदेही सरकार खडा हुनु सानो परिवर्तन होइन । यस्तो परिवर्तन साथसाथै हरेक मुलुकमा अनगिन्ति विघ्नबाधा र समस्याहरू आइपर्नु इतिहास-सिद्ध कुरा हो । हाम्रो नेपाल पनि यसबाट नबच्नु स्वाभाविकै हो । प्रस्तुत बजेट २००८ साल मात्रको हो । तर आर्थिक व्यवस्था गर्दा दुइ चार वर्ष पछिसम्मको विचार पुर्‍याउनुपर्दछ । यो बजेटको साथसाथै सर्वसाधारणका सन्मुख राखिने आर्थिक कार्यक्रममा आगामी केही वर्षका निमित्तको मुलुकको सामाजिक, आर्थिक र सांस्कृतिक विकासका योजना रेखाङ्कित गरिएको छ । अर्को बजेट आगामी वैशाख अगावै पेश हुनेछ र सो एकवर्षको निमित्तको मात्र नभई सारिएका योजनाहरूका आधारमा केही वर्षका निमित्तको हुनेछ भन्ने आशा राख्दछु ।

अन्तरीम सरकार खडा हुनुअघि सरकारी खर्च भई बाँकी रहन आउने राष्ट्रको सबै आम्दानी महाराजको निजायती धन सम्झिइन्थ्यो । राज्यकोष र महाराजको व्यक्तिगत धनमा रुवछभेद थिएन । न त स्याहा स्रेस्ता गर्दा सामान्य हिसाब (General account) र विशेष हिसाब (Capital account) को भेद राखिन्थ्यो । यी कारणहरूमा यस मुलुकमा भएको सकल

१४३-B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आन्दोलन, अन्तरीम सरकार खडा भएपछि पनि मुलुकको विभिन्न भागमा कायम रहेको अव्यवस्थित परिस्थिति र केही जिल्लाहरुसँग सम्पर्क राख्ने कठिनाइले गर्दा अघिको आर्थिक स्थिति यथार्थ निरुपण गर्न बहुतै मुस्किल पर्‍यो। त्यस्तै २००७ सालको कुल आम्दानी, खर्चको एकीन हुन सकेन। २००८ सालको निमित्त अङ्क सङ्कलन गर्दा पनि थिनै बाधाहरुको सामना गर्नुपरेकोले प्रस्तुत बजेटमा देखाइएका आम्दानी खर्चका अङ्कहरु ठीकठीक छन् भन्न सकिँदैन। फेरि गत शासनमा कुनै योजना वा कामका निमित्त खर्चको निकासा हुँदा सो योजनालाई कार्यान्वित गर्ने वा खर्च गर्ने विभाग जिम्मा निकासा भएको रुपैयाँ एकमुष्ट दिइन्थ्यो। यसको परिणाम-स्वरुप खर्च नभई बाँकी रहेको रुपैयाँ तालुकवालाहरुको तजवीजमा रहन्थ्यो। अर्थमन्त्रालयबाट बराबर ताकिता गर्दा पनि यस्ता बाँकी रकमहरुको राम्रो विवरण पाउन सकिएन। यसको अर्को नतीजा मन्त्रालयहरु र विभिन्न विभागका तालुकवालाहरुले मन्त्रिमण्डल अथवा अर्थमन्त्रालयको स्वीकृति बिना खर्च गर्न पाए। ती अधिकारीहरुबाट उनीहरुले पाएका र खर्च भएका सबै रुपैयाँको हिसाब नआएकोले अर्थमन्त्रालयले यो वर्षमा आजसम्म भएको खर्चको निश्चय गर्न सकेको छैन। यो वर्ष भरमा उठ्ति हुनुपर्ने आम्दानीमध्ये कति उठिसकेको छ, कति उठ्न बाँकी छ, त्यो पनि किटान हुन सकेको छैन। यसकारण मन्त्रिमण्डलले स्वीकृत गरेको प्रस्तुत बजेट गत आठ महिनाको मोटामोटी हिसाब र बाँकी चार महीनाको आम्दानी खर्चको अन्दाजको आधारमा तयार भएको एउटा अनुमान मात्र हो भन्ने बुझ्नुहुने नै छ। तर जहाँसम्म हुन्छ पाइएका लेस्ताबाट बजेटका अङ्कहरु रुजू गरिएका छन्।

## २. २००७ सालको आर्थिक स्थिति

२००७ सालको कुल आम्दानी २,६०,८१,०००; (दुइकरोड नब्बेलाख एकासीहजार) खर्च २,४६,८७,०००, (दुइकरोड छयालीसलाख सतासीहजार) र बचत १३,९४,०००; (तिमालीसलाख चौरानब्बेहजार) देखिन्छ। गत सालको सव ग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

आन्दोलन र गडबडीले गर्दा के कति बचत दाखिल हुन सक्यो, एकीन हुनसकेको छैन। तर एकाउण्टेण्ट जनरलद्वारा हिसाब खडा गराउने कोशिश भइरहेछ।

## ३, २००८ सालको वजेट एस्टीमेट

मैले तीन प्रकारको विवरण तयार गरेको छु, (क) सामान्य आम्दानी र खर्चको विवरण, (ख) विशेष आम्दानी र त्यसको बाँडफाँटको विवरण, [ग] आम्दानी र खर्चको संकलित विवरण।

## सामान्य आम्दानी र खर्चको विवरण:—

२००८ को सामान्य आम्दानी रु ३,०५,१६,०००, (तीनकरोड पाँचलाख सोह्रहजार) अन्दाज गरिएको हुनाले पोहरको भन्दा रु १४,३५,०००, [चौधलाख पैंतीसहजार] बढी आम्दानी हुने उमेद गरिएको छ। २००७ सालमा मालपोतबाट रु. १,५१,१६,०००, [एककरोड एकाउन्नलाख सोह्रहजार] उठ्ती भएकोमा यो साल रु ६४,०५,०००, [चौराब्बे लाख पाँचहजार] उठ्ती हुने अनुमान गरिएको छ। यससाल मालपोत घट्नाको कारण निम्नलिखित हुन् —(क) सर्वप्रथम कृषकवर्गलाई सहायता दिने र समयमै मालपोत उठ्ती होस् भन्ने मनसायले रुपैयाँमा दुइआना मालपोत मिनाहा दिने मन्त्रिमण्डलको निर्णय, (ख) २७,२४,०००, (सत्ताइसलाख चौबीसहजार) उठ्ती भइरहेको बिर्ताउन्मूलनको खारेजी, (ग) सशस्त्र आन्दोलन र त्यसबाट भएको अव्यवस्था, (घ) ठाउँठाउँमा सुख्खा लाग्नु (ङ) र अन्तरीम सरकार खडा भइसकेपछि पनि शासनव्यवस्थाको राम्रो निधो नलाग्नु। मालपोतबाट हुने उठ्ती घट्न गए तापनि अरू कुनैकुनै रकमहरूको आम्दानी बढ्ने अन्दाज गरिएको छ। मुख्य आम्दानी वृद्धिहरू यी हुन् —(क) चुरोटको र विराटनगर तथा फालेलुङमा बजार अड्डाको महसूलदर बढेकोले भन्सार रकममा रु ७,३२,०००, (सातलाख बत्तीसहजार) (ख) भट्टी रकममा रु १,८८,०००, (एकलाख अठासीहजार) (ग) लकडीबाट रु २२,१२,०००, (बाईसलाख बाह्रहजार) धान, सन, आलु, तेलहन इत्यादिमा निकासी कर बढाउँदा हुने अन्दाजी आम्दानी रु २५,००,०००, (पच्चीसलाख)।

१४४-B

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्चतर्फ, २००७ सालमा भन्दा यससाल रु १,७८,३४,०००, (दुइकरोड अठहत्तरलाख चौतीसहजार) बढ्ने अनुमान गरिएको छ। मुख्य खर्चामी वृद्धिहरु यी हुन:- श्री ५ तर्फ रु ५,८४,०००, [पाँचलाख चौरासीहजार] मन्त्रिमण्डल र नेपाल सरकार सचिवालयतर्फ रु ३२,४०,०००, (बत्तीसलाख चालिसहजार) निजामती कर्मचारीहरुको तलब वृद्धितर्फ रु २०,००,०००, राष्ट्रसेनातर्फ रु २७,१३,०००, पुलीसको पुनर्गठन र रक्षादलतर्फ रु ३८,२०,०००, शान्ति र अनुशासन स्थापनातर्फ रु ७,००,००० निर्वाचनतर्फ रु २,२३,०००, जनगणनातर्फ रु २,०८,०००, सल्लाहकारसमितितर्फ रु २,३२,०००, स्वास्थ्यतर्फ रु ३,००,०००, शिक्षा-तर्फ रु ५,५६,०००, स्थानीय स्वायत शासनतर्फ रु २,०१,०००, बाटो निर्माणतर्फ रु २५,१३,००० सिंचाई योजनातर्फ रु १०,००,०००, रोपतर्फ ७,५८,०००, बिजुलीतर्फ रु ५,०१,०००, टेलिफोन, आकाशवाणी र हुलाकतर्फ रु ११,१३,०००, हवाई अड्डातर्फ रु ७,२५,०००, निजामती कर्मचारीहरुलाई खाद्य सहायतातर्फ रु १६,५०,०००, घरेलुइलमतर्फ रु २,००,०००, कृषियोजनातर्फ रु २,००,०००, वैदेशिक दूतावासतर्फ रु ४,३१,०००, बनाउनेतर्फ ४,४१,०००, जिल्ला शासनतर्फ रु ३,६७,०००, र तकावी कर्जा-तर्फ रु १५,००,०००,

## ४ विशेष आम्दानी र त्यसको बाँडफाँडको विवरण:—

यो विवरणमा मैले विशेष [ Capital ] शब्दको प्रयोग अर्थशास्त्रीय तवरबाट गरेको छैन। यो विवरणको मुख्य उद्देश्य सामान्य आम्दानी अतिरिक्त अरु आम्दानी र मौजदातहरु देखाउनु तथा सामान्य आम्दानी खर्चदेखि भिन्न विशेष आम्दानी र त्यसको बाँडफाँड देखाउनु हो। अर्को उद्देश्य अघिल्लो सरकारले छोडेको धन सामान्य खर्चका निमित्त उपयोग नगरी अखण्ड राख्नु हो। राणा सरकारले छोडेको भण्डारखाल मूल ढुकुटी र मुलुकीखाना नोटविभागमा रहेको सुन, चाँदी, पुरानो मोहर, कम्पनी र नेपाली तथा देशीनोट र नेपाल

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

बैंकको शेयरमा लगानी गरिएको समेत गरी जम्मा रु ७,६०,४६,२५८, मौजदात छ। अघि मुद्राचलनमा ल्याउँदा समर्थन ( backing ) गर्ने उचित पद्धति थिएन। भारतीय मुद्रा र नेपाली मुद्राको सटही दरलाई स्थिर राख्ने तर्फ पनि राम्ररी ध्यान दिइएको थिएन। जसरी भए पनि उन्नति बढाउने र खर्च किफायत गर्ने नीति थियो र बजेटको समस्या केही थिएन। तर प्रजा-तान्त्रिक सरकार खडा भएकोले हामीहरूले अनेक समस्याहरूको सामना गर्नु-परेको छ। तिनमा कुनै ता पुरानो शासनव्यवस्थाका देन हुन्। यसकारण मैले उपरोक्त मौजदातबाट पाँच करोडको "मुद्रासमर्थक कोष" (Currency Reserve) दुई करोडको विनिमय व्यवस्था कोष ( Exchange stabilisation fund ) र एक करोडको बजेट व्यवस्था कोष ( Budget equalisation fund ) गरी तीन प्रकारका नयाँ जगेडा कोषहरू खडा गरेको छु। मुद्रा—समर्थक कोष र विनिमय व्यवस्था कोषका रकमहरू जुन खास उद्देश्यका निमित्त राखिएका छन्, त्यस बाहेकका अरू खर्चमा नलगाई अखण्ड राखिनेछन्। बजेट—व्यवस्था कोषको उद्देश्य सामान्य बजेटमा हुने नपुग पूरा गर्नु हो, तर यो कोषबाट झिकिएको रकम अर्को सालको आम्दानीबाट सोध भर्ना गरिनेछ। यी तीन किसिमका नयाँ जगेडा कोषहरू खडा गरेर मैले साविकको मौजदातलाई अखण्ड राखेको मात्र होइन, मुलुकको आर्थिक स्थितिको खँदिलो जग हालेको ठान्दछु। यी जगेडा कोषहरूमा थप रु २,५०,००,०००. को एक विकाशकोष पनि छ। यो भार-तीय (बृटिश) सरकारले दोस्रो विश्वयुद्धबाद सालबसाली दिने भएको रु १०,००,०००, को बदलामा एकमुष्ट लिइएको रकम हो। यसबाहेक रोप, बिजुली र रेल तर्फतर्फको गरी जम्मा रु २२,००,०००, को क्षति—पूरक— कोष [ Depreciation fund ] पनि छ। यो कोषको केही अंश नयाँ यन्त्र (Machinery) र सरसामानहरू खरीद गर्ने र पुरानाको जीर्णोद्धार गर्ने काममा खर्च गर्ने विचार गरेको छु। माथि उल्लेख गरिएका कोषहरूबाहेक तोकिएका कामहरूमा



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

खर्च गर्न [illegible]को नम्बर रु, ८१,००,०००, का अरु फुटकर मौजदातहरु पनि छन्। यिनमध्ये कुनै गुठीकिसिमका छन्। फेरि, विभिन्न मील र कल कारखानाहरुमा फुटकर सरकारी लगानीहरु पनि छन्। दुर्भाग्यवश कुनै कुनै लगानी गर्दा राम्रो विचार नपुऱ्याएको हुँदा कुनैकुनैको जमत काट्नुपर्ला जस्तो छ। जे भए पनि यी रकमहरु खर्चको निमित्त प्राप्य छैनन।

५ उपाय र साधन [ Ways and Means ] — प्रस्तुत बजेटमा २००८ सालको आम्दानी रु ३, ०५, १६,२००, खर्च ५,२५,२१,०००, अनुमान गरिएको हुनाले रु २, २०, ०५,०००, नपुग देखिन्छ। यो नपुगमध्ये ५१, ५६, ०००, उत्पादक [ productive ] विकासका योजनातर्फ नयाँ यन्त्र खरीद र पुरानोको जीर्णोद्धारतर्फ र पछि असूल हुने तकावी कर्जातर्फलाई छ। क्षतिपूरक कोषबाट रु १२.५६,०००, विकासकोषबाट रु २४,००,०००, र बजेट व्यवस्था कोषबाट रु १५,००,०००, [ तकावी कर्जा [ मिको यो रु ५१,५६,०००, को नपुग पूरा गर्ने विचार गरेको छु। रु १,६८,४६,०००, को बाँकी नपुग सामान्य आम्दानीबाट पुऱ्याउनुपर्नेछ। फुटकर मौज्दातहरुबारे माथि उल्लेख भइसकेको छ। वर्तमान सरकारमा सामाजिक सेवा ( Social services ) र सर्वसाधारणलाई सुखसुविधा पुऱ्याउने अभिभारा रहेकोले फुटकर मौज्दात मध्यका कुनैकुनै मौज्दातहरुलाई सामान्य आम्दानीमा गाभिदिने विचार गरेको छु। यसरी गाभिने मौज्दातहरु जम्मा रु ३६,५६,०००, हुन आउँछ। हाल मुलुकीखाना र विभिन्न जिल्लाका मालहरुमा गरी जम्मा रु २५.७२,०००; मौज्दात छ। यी दुइ रकमहरु जोड्दा रु ६२,२८,०००, हुन्छ। अब रु १,०६,१८,०००, नपुग हुन आउँछ। साल तमामीलाई तीन महीना मात्र छ। यस अवधिभित्र विभिन्न कामको निमित्त बजेट निकासा गरिएका रकमहरु सबै खर्च होला जस्तो नदेखिनाले यो नपुग पुऱ्याउनु कुनै खास प्रबन्ध गर्नुपर्ने देखिंदैन। आम्दानी बढाउने नयाँ साधनहरुको पछि उल्लेख गर्नेछु। त्यसबाट पनि आम्दानी बढ्न गै नपुग कम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

६. प्रस्तुत बजेटबाट सामान्य खर्च ज्यादै बढेको देख्दछुनेछ। दुइ उपायबाट यो शोचनीय स्थिति सुधार्न सकिन्छ—[ १ ] खर्च घटाएर [ २ ] आमदानी बढाएर। बजेट निकासा गरिएका कुनै कलमहरू पटके किसिमका छन् । तैपनि सालबसाली खर्च प्रशस्त बढेको छ। हामीहरूले शासनप्रबन्धमा आमूल परिवर्तन गर्ने र विभिन्न विभागमा काम गरिरहेका कर्मचारीहरूको संख्यामा सकेसम्म किफायत गर्ने विचार गरेका छौं । तर जनताको जीवनस्तर बढाउने र अनेक सुविधाहरू पुऱ्याउने नेपाली काँग्रेसको दृढ नीति भएकोले अहिलेसम्म उपेक्षा गरिएका शिक्षा, सार्वजनिक स्वास्थ्य इत्यादि, सामाजिक व्यवस्थाउपर भविष्यमा अवश्यमेव खर्च बढ्नेछ। यसै साल शिक्षातर्फ सयकडा ५० र सार्वजनिक स्वास्थ्यतर्फ सयकडा ३८ खर्च बढेकोबाट साबिकमा भन्दा धेरै प्रगति दर्शाउँछ। हाम्रो मुलुकमा विकाशको प्रशस्त गुन्जाइश छ। मन्त्रिमण्डलमा स्वीकार भएको आर्थिक कार्यक्रमले विकाशको रेखा देखाउँछ। यस मुलुकमा सर्वप्रथम यातायातको सुप्रबन्ध नै अत्यावश्यक छ। यसका निमित्त हामीले प्रशस्त खर्च गर्नुपर्दछ। आउँदो केही साललाई टेलीफोन, आकाशवाणी र हुलाकको सुव्यवस्था र बाटो तथा हवाई अड्डाहरूको निर्माणमा प्रचुर परिमाणमा खर्च गर्नुपर्ने देख्तछु। कुनै कुनै उत्पादक ( productive ) विकाशका योजनाहरू पनि छन्। यिनका निमित्त हाम्रो मुलुकमा सार्वजनिक कर्जा ( public loan ) उठाउन वा विदेशबाट सापट लिन मनासिब छ।

घरेलु इद्यम तथा लघु ( light ) र मध्यम ( medium ) किसमका उद्योगहरूको पनि ठूलो गुञ्जाइश छ। तर यिनको निमित्त पूँजीको आवश्यक छ। यस मुलुकको आमदानी पनि प्रशस्त बढाउन सकिन्छ भन्ने मलाई लाग्दछ। मालपोत हाम्रो सामान्य आमदानीको मुख्य मुहान हो। तर २५,३० वर्षयता भूमि— व्यवस्थातर्फ कुनै ठोस कारबाई भएको छैन। मालपोत तहसील गर्ने प्रणालीमा पनि अनेक त्रुटिहरू छन्। बिर्ताबारेजी र मालपोत तहसील गर्ने प्रणालीमा

१४६-B

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुधारबाट तथा बढी जग्गा आबादी गरी खाद्य र व्यावसायिक बाली ( cash crop) लगाएमा यो रकमको आमदानी बढ्नेछ । भारतसँगको व्यापारिक सन्धि-अनुसार हाम्रो भन्सार महसूलको दरबन्दीमा संशोधन गरी भारतीय भन्सार महसूलसँग मिल्दो पार्नें भएको छ । अन्तः शुल्क ( Excise duty ) को दर पनि बढाउनुपर्ने भएको छ । निकासी करको हकमा,—

धान, सन, आलु, तेलहन र मसाले बालीमा महसूल बढाइसकेका छौं । सरोकारवाला मन्त्रालयहरुसँग सल्लाह गरी यस रकमको आमदानी अझ बढाउने बारे अध्ययन गर्दैछु । कुनै कुनै चीजहरुमा नाममात्रको पैठारी महसूल लगाउने विचार पनि हुँदैछ । जग्गा जिमींदारीबाट आउने आयस्ता ( Agricultural Income ) मा समेत लाग्ने आयकरको ( Income tax ) योजना तयार हुँदैछ । तर आउँदो २, ३, वर्षसम्म यसबाट धेरै आमदानी हुने सम्भव छैन । हाललाई यो आमदानी बढाउनेभन्दा आयकरलाई परिचित गराउने किसिमको कर हुनेछ । केही वर्षबाद यसको पूर्ण विकाश भएपछि यो हाम्रो आमदानीको एक प्रमुख मुहान हुनेछ । हाल हाम्रो तार, टेलिफोन र हुलाक महसूल ज्यादै नै थोरै हुनाले तिनको दर बढाउने गुञ्जाइश पनि छ । आकाशवाणीको विकाशबाट समेत यस रकमको आमदानी बढ्नेछ । मैले रेडियोहरुमा पनि प्रत्यक्ष सालबसाली लाइसेन्स दस्तुर लगाउने विचार गरेको छु । रेल, ट्रली र रोपवेको वर्तमान भाडाबारे अध्ययन हुँदैछ र मनासिब देखिएमा तिनको दर बढाइने छ । बाग्मतीको पानीकर लगाउन समेत विचार गरिंदैछ । सवारीकर पनि बढाउन सोच्दैछु । बन-व्यवस्था राम्रोसँग सुधार्ने प्रबन्ध हुँदैछ र यसबाट पनि साबिकको भन्दा आमदानी निकै बढ्ला भन्ने आशा छ । शिक्षातर्फ मुलुकभर निःशुल्क प्राथमिक शिक्षा दिने र भविष्यमा माध्यमिक, उच्चकक्षा तथा कलेजका छात्रहरुबाट शुल्क लिने प्रस्ताव छ । शिकारमा लाइसेन्स दस्तुर र हात हतियारको लाइसेन्स दस्तुर बढाउनाले पनि आमदानी बढ्नेछ । मैले प्रजातन्त्र-स्मारक हुलाकी टिकट छाप्ने प्रस्ताव पनि गरेको छु । यसबाट पनि केही आमदानी हुनेछ । अन्यमा म

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

9 ४६

राष्ट्रिय—सञ्चय—योजना [ (National Savings Scheme ] शुरु गर्ने प्रस्ताव गर्दछु । यो योजनानुसार निम्न लिखित ब्याज पाउने गरी रु. १०। २५।१००।१०००।५०००। र २५०००। सम्मका ऋणपत्रहरू ( Certificates ) निकालिनेछन् ।

| | | | |
|---|---|---|---|
| एकवर्षपछि चुक्तानी लिने ऋण आयकर मुक्त | — — | — | ३। ब्याज |
| दुइ , | , | , | ३½ । ; |
| तीन , | , | , | ४। , |
| चार ; | ; | , | ४½ । , |
| पाँच , | ; | , | ५। |

यस अवसरमा म सर्वसाधारणलाई यो सुनाउन चाहन्छु । सरकारले श्रीमाननीय प्रधानमन्त्रीज्यूको सभापतित्वमा एउटा योजना र विकाससमिति राख्ने निर्णय गरेको छ ; त्यसमा सरकारी कर्मचारीहरू र गैर सरकारी व्यक्तिहरू पनि रहनेछन् । यो समिति विभिन्न मन्त्रालयहरूबाट आएका योजनाहरूको मिलान गरेर तिनको अग्राधिकारबारे सिफारिस गर्नेमात्र नभई सामान्य नीति र आगामी तीनदेखि पाँचवर्षका कार्यक्रमको सुझाव दिनेछ ।

जुनसुकै देशको पनि आर्थिक व्यवस्था राम्रो गर्न आम्दानीको उठ्ती र खर्चमा अर्थमन्त्रालयको पूर्णनियन्त्रण रहनु अत्यावश्यक छ । कुमारीचोक आदि हिसाब राख्ने र जाँच्ने अड्डाहरू ( Audit & Accounts Dept ) को पुनर्गठन हुन लागेको छ । मुलुकीखाना तीनसाँचा र मालहरूका स्याहा स्रेस्ता राख्ने तरीकामा सुधार गर्ने र स्थानीय हिसाबजाँचअड्डा खडा गरी शुरूमै आर्थिक अनियमितता ( Irregularities ) पत्ता लगाई तुरुन्तै त्यसलाई सच्याउने उचित कारवाई गराउनका निमित्त अकाउन्टेन्ट जनरल ( Acc. Genl ) को नियुक्ति भइसकेको छ । अडिटर— जनरलले पनि सरकारी आम्दानीखर्च ठीकठीक भएको छ छैन हेर्नेछन् । मन्त्रिमण्डलबाट स्वीकृत आर्थिक नियमहरूले विभिन्न अधिकारीहरूलाई दिइने आर्थिक अख्त्यारी

९४६-B

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुम्पेको छ । जो हाम्रो मुलुकको निम्ति अभूतपूर्व कुरा हो । यो अल्पकार भन्दा बढा जुनसुकै अधिकारी वा मन्त्रालयसमितले मन्त्रिमण्डल अथवा अर्थमन्त्रालयको स्वीकृति नलिई कुनै किसिमको खर्च गर्न पाउनेछैन । देशको आर्थिक स्थितिलाई बलियो पार्न यो नियम सख्त तवरसँग चालू गराउन सरकार कटिबद्ध छ । यसका निमित्त म मेरा सरकारीहरूको मात्र होइन, मुलुकभरका सरकारी कर्मचारीहरूको पूरा र हार्दिक सहयोग पाउने आशा राख्दछु । मन्त्रिमण्डलबाट योजनाहरूको विस्तृत विवरण तयार भइसकेपछि मन्त्रिमण्डल अथवा अर्थमन्त्रालय - जसको लिनुपर्ने हुन्छ, त्यसको स्वीकृत प्राप्त भएपछि मात्र प्रस्तुत बजेट एस्टिमेटमा निकासा गरिएका कलमहरू खर्च गर्न पाउने निर्णय भएका छ । राष्ट्रधन खर्च गर्दा सकेसम्म विचार पुऱ्याउने सरकारको नीति छ । यस्तै होस् भन्नाका निमित्त मन्त्रिमण्डलको अर्थसमितिले प्रत्येक महत्वपूर्ण योजनालाई एकएक केलाएर हेरी अग्राधिकारको निर्णय गर्नेछ । प्रस्तुत बजेटको एक विशेषता यो छ कि बजेटमा निकासा गरिएका कलमहरू कार्यानुकूल बजेट [ Task Budget ] मा बाँडिनेछन् । खर्चको निकासा दिंदा कामको रेखदेख पुऱ्याउन र सञ्चालन गर्न नभइनहुने मूल अड्डाहरूको खर्च-बाहेक अरू खास योजनाहरूको निमित्त मात्र कार्यानुकूल खर्च निकासा हुनेछ । यस तरीकाबाट सालबसाली कर्मचारीहरू बढाउँदा हुने अपव्यय रोकिई खर्चमा पूरा नियन्त्रण रहने र योजनाहरू पनि चाँडो कार्यान्वित हुने आशा गरिन्छ ।

८ केही महीनाअघि मन्त्रिमण्डलले राज्य बैंक (State Bank) खोल्ने निर्णय गऱ्यो र हाम्रो सरकारको निमन्त्रणामा भारतको रिजर्भ बैंकका श्रीरामनाथ र श्रीपाई काठमाडौं आए । उनीहरूसँग हामीहरूले मन्त्रिमण्डलको निर्णयलाई चाँडो कार्यान्वित गर्ने उत्तम तरीका र मुद्रा र सटही तथा कर्जा ( Loan ) र बजेट इत्यादिसँग संबन्धित अनेक विषयहरूमा छलफल गऱ्यौं । सरकारले चाँडै उपरोक्त राज्य बैंक खोल्ने आशा गरेको छ र भारतीय मुद्रा तथा नेपाली मुद्राको सटही दरमा भइरहने अतिशय घटीबढीलाई नियन्त्रणमा राख्ने दृढ निश्चय गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

यो बैंकले सरकारी मौज्दात राख्ने र अरुकाम पनि लिनेछ । सरसल्लाहका निमित्त श्रीरामनाथ र श्रीपाईलाई पठाइदिएकोमा म भारत सरकारको कृतज्ञ छु र श्रीरामनाथलाई वहाँको बहुमूल्य सुझावहरुका निमित्त धन्यवाद दिन्छु । राष्ट्रको आर्थिक स्थिति र बैंकसम्बन्धी कारवाई सुव्यवस्थित गर्नमा राज्यबैंकको स्थापना अर्को महत्वपूर्ण कदम हो ।

६ हामीले सामना गर्नुपर्ने विघ्नबाधाहरु धेरै छन् । तीमध्ये एउटा त आधुनिक शासन बुझेका र विविध विभागहरुको काममा तालीम पाएका कर्मचारीहरुको अभाव हो । हामीसँग विभिन्न कामहरुका निमित्त चाहिने उच्चकोटीका विशेषज्ञ र व्यावसायिक निपुणताप्राप्त मानिस पनि चाहिए जति छैनन् । यसकारण हामीले भारत र अन्य देशमा तालीम पाएका मानिसहरु ल्याउने प्रयत्न गरेका छौं र प्वाइण्ट फोर प्रोग्राम (Swiss Technical AID Plan) कोलोम्बो इत्यादि विभिन्न अन्तरराष्ट्रिय सहायता योजनाहरुबाट सकेसम्म फायदा उठाउन खोजिरहेका छौं, राष्ट्रको नवनिर्माण गर्नुपर्ने भएकोले हामीलाई उकालो परेको छ । अतः आफ्ना जनताले उचित शिक्षा र तालीम नपाएसम्म हामीले अनुभवी र तालीम पाएका मानिसहरुको अन्य मुलुकबाट सहायता माग्नु अत्यावश्यक छ । अरु देशहरुले पनि यस्तै किसिमबाट खाँचो टारेका हुनाले तालीमी मानिसहरुको सहायता माग्नु हामीले लाज मान्नुपर्ने कारण छैन । अर्को समस्या भौतिक साधनहरुको ( Meterial resources ) छ । यद्यपि हाम्रो मुलुकमा सबै किसिमका खनिज र अरु प्राकृतिक साधनहरु यथेष्ट मात्रामा पाइन्छन् र तिनबाट ठूलो लाभ उठाउन सकिने प्रशस्त गुञ्जाइश छ । तथापि हामीलाई कलपूर्जा सरसामान र अरु आवश्यकीय मेशीनका निमित्त अरु देशको भर पर्नुपरेको छ । तेस्रो समस्या पैसाको छ । मैले आम्दानी बढाउने विभिन्न उपायहरुको प्रस्ताव राखेको छु र जनता राष्ट्रिय—रक्षाय योजनालाई उदारतासित अपनाउने छ भन्ने आशा गर्छु । तर हाम्रो विकास योजनाहरुको लागि हामीलाई धनको तत्काल आवश्यक छ । यसका निमित्त आफूसँग पर्याप्त साधनहरु नहुनाले

१४८- अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहिरबाट सापट लिनुपर्नेछ । हालै हाम्रा माननीय प्रधानमन्त्री र अरु केही मन्त्रीहरु भारतका प्रधानमन्त्री र वहाँका अधिकारीवर्गसँग दुवै देशसम्बन्धित विभिन्न विषयमा छलफल गर्न दिल्ली जानुभएको तपाईंहरूलाई विदितै छ । हामीले वहाँ पूरा सहानुभूति र पैसा, सरसामान तथा विशेषज्ञहरूका रूपमा ठोस सहायता पाउने आश्वासन पाएको तपाईंहरूलाई सुनाउन पाउँदा मलाई खुशी लागेको छ । अब हामीलाई चाहिने वास्तविक सहायताको विस्तृत विवरण तयार गर्ने काममा लागेका छौं र चाँडै नै भारत सरकारसित यसबारे कुरा मिलाउने आशा गर्छौं । यो आर्थिक सहायताको आश्वासनसाथै भारतले कुनै बन्धन राखेको छैन भन्ने कुरा म यहाँ स्पष्ट गर्न चाहन्छु । आर्थिक र विशेष (Technical) सहायता लिंदा कुनै किसिमले पनि हाम्रो स्वतन्त्रता र मुलुकको प्रभुसत्ता (Sovereingty) मा धक्का लाग्ने कुनै शर्त हाम्रो सरकारले मञ्जूर गर्ने छैन । यो सरकारको दृढ सिद्धान्त छ । हामीलाई खाँचो परेको वखतमा सहायता दिन अग्रसर भएको भारत सरकारलाई धन्यवाद दिंदा तपाईंहरु सबै मसँग सहमत हुनुहुनेछ भन्ने आशा गर्छु ।

अब सरकारको आर्थिक नीतिबारे म केही भन्न चाहन्छु । जनताको जीवनस्तर उठाउनु र प्रजाको सांस्कृतिक तथा सामाजिक जीवन बेहत्तर पार्नु सरकारको उद्देश्य छ यो लक्ष्य पुऱ्याउन सामाजिक, सांस्कृतिक, आर्थिक र शासनव्यवस्था सम्बन्धी सारा कार्यक्षेत्रलाई ढाक्ने विचारपूर्वक सम्पूर्ण कार्यक्रम मिलान गरिएको एक योजना सरकारले तयार गर्नेछ । अमिल्दो र मनपर्दो कार्य हुन दिनेछैन । हाम्रो कार्यक्रम कुनै वादको आर्थिक विचारबाट प्रभावित नभई बिलकुल थोरै समयमा ज्यादामा ज्यादा फायदा दिने वास्तविक नीतिको आधारमा रचिनेछ । गम्भीरतापूर्वक विचार गरेर सरकारले मिश्रित आर्थिक प्रणाली अपनाउने नीति लिएको छ । कुनै व्यक्ति वा वर्गबाट अर्कोको शोषण रोक्ने साराका निमित्त समान अवसर प्रदान गर्ने र धनको न्यायसंगत वितरण गर्ने सरकारको निर्धारित नीति हो तापनि निजी उद्योग र व्यापार [PrivateEnterprise] का निमित्तसमेत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

प्रशस्त गुञ्जाइस रहेनेछ । भइरहेको सम्पत्तिलाई बराबरीमा ल्याई वितरण गर्नुभन्दा बरु मुलुकका साधनहरूको विकास गरेर सम्पत्ति बढाउनुमा नै आर्थिक समृद्धि रहन्छ म भन्ने मान्दछु । तर मुलुकको सम्पत्ति बढाउँदा धनी र गरीबका बीचको अन्तरलाई झन् बढ्न नदिई क्रमशः साँघुरो पार्दै ल्याउनुपर्छ । दीनहीनमाथि विशेष दृष्टि पुर्‍याउनपर्छ । शुरूमा एक्कासि धेरैकाममा हात हाल्नुभन्दा साना साना काम थाल्नु बढिया छ । हाम्रो मुलुकको अहिलेको खास अवस्थामा ग्रामीण क्षेत्रमा घरेलु र सानातिना उद्योगहरूको विकास गरेर तिनलाई ठूलो उद्योगसित सम्बन्धित गर्नु सरकारको नीति छ । हामी केही थोरै शहरहरूमा मात्र अनेकौं उद्योगहरूलाई केन्द्रित हुन नदिई तिनीहरूलाई सकेसम्म सर्वत्र छरेर राख्न कोशिश गर्नेछौं ।

१० माथिको छोटकरी निरीक्षणबाट हाम्रो आर्थिक स्थिति खँदिलो छ र नयाँ पद्धतिमा पुनर्गठित हुन लागेको शासनप्रबन्धमा निकै सुधार हुँदै गएको छ भन्ने स्पष्ट देखिन्छ । हामीले तलबको नयाँ दरबन्दी निकालेका र सरकारी नोकरीसम्बन्धी नयाँ शर्तहरू निकाल्न लागेका छौं । अब हाम्रो निजामती नोकरीले राम्रो जीवनवृत्तिको निश्चिन्ततासाथै उचित कदर पाउनेछ । काठमाडौं आउने मूलबाटो बनाउने योजना पूरा हुने आँटेको छ र चाँडै नै निर्माणकार्य शुरू गरिने आशा छ । गौचरको विमान अवतरणभूमि अरु हवाई अड्डाहरूमा पनि पक्का गराइन लागेको छ र विराटनगर, पोखरा इत्यादिमा अवतरणभूमि तयार भइसकेको छ । केही विकास योजनाहरूका काम पनि थालिएका छन् र घरेलु उद्योग, सिंचाई तथा भूमिव्यवस्था र कृषिमा विशेष जोर दिइएको छ । आम्दानीको माया मारेर पनि हामीले कृषकवर्गलाई प्रशस्त सहायता दिइसकेका छौं । बिर्ता र बेठबेगार प्रथाको खारेजीबाट र कृषकहरूलाई आफूले कमोद गरेको जग्गाहरूमाथि भोगाधिकार प्रदान गर्ने भएबाट कृषकहरूको अवस्था अझ बेहतर हुनेछ । भूमिसुधार कमिशन पनि खडा गरिएको छ । जनसंख्या गिन्ने र मतदाताहरूको नामावली तयार गर्ने बन्दोबस्त

९४९-B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि करीब करीब सिद्धिन लागेको छ। आउँदो सालको आधाआधीमा चुनाव होला भन्ने आशा गरिएको छ। जनताले वाक्स्वतन्त्रता, संघस्वतन्त्रता इच्छाहरू भएको देश छिने अधिकार इत्यादि मौलिक हकहरू पाइसकेका छन्। स्वतन्त्र न्यायालय स्थापना गर्ने र अन्तरीम विधानअनुकूल ऐनसंग्रह र संशोधन गर्ने काम पनि शुरु भइसकेको छ। एक किसिमले सबै कामको सिर्जना नै गर्नुपर्ने भए तापनि अन्तरीम सरकारले जेलखानाहरूमा शिलान्यास गरिसकेको छ। तर अझै गर्न धेरै नै बाँकी छ। राष्ट्रनिर्माण कुन सजिलो काम होइन। नवीन नेपालको आर्थिक सांस्कृतिक र सामाजिक स्तर बढाई अरू उन्नतशील राष्ट्रहरूको दाँजामा पुऱ्याउन केही समय लाग्छ भन्ने अनौठो कुरा होइन। यस्तो महान् कार्य सम्पादनको निमित्त प्राकृतिक साधन, जन र धन मात्र होइन कि धैर्य, उत्साह र सरकार र जनतामा परस्पर पूर्ण सहयोग हुनु पनि अत्यावश्यक छ। यही उद्देश्यानुसार सल्लाहकारसमिति चाँडै बस्ने भएको छ। तर यहाँ म तपाईंहरूको ध्यान एक बहुतै आवश्यकीय कुरा प्रति आकर्षित गर्न चाहन्छु। कुनै देश वा राष्ट्र पनि शान्ति र अनुशासनबेगर उन्नतिपथतर्फ बढ्न सक्दैन। यसै माघ ८ गते बुधबार रातीको जस्तो आतङ्की प्रतिक्रिया र अवसरवादीहरूको अवैध कुचेष्टाले देशको प्रगतिमा बाधा दिन्छ। त्यसैले म हाम्रो मातृभूमिको हरेक व्यक्ति र वर्गसँग जोडसाथ अनुरोध गर्दछु कि शान्ति र अनुशासन कायम गर्नमा सबैले सरकारलाई सहयोग दिऊन्। यो एक प्राथमिक स्थिति देशमा कायम भएमा हामीहरू उन्नति र समृद्धिको मार्गमा प्रतिदिन लम्कँदै जानेछौं भन्ने कुरामा मलाई रत्तिभर शङ्का छैन।

जय नेपाल !

— ०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ